विशेष अदालत
काठमाडौं

# विशेष अदालत

## निजामती सेवा दिवस, २०७७ विविध कार्यक्रमसाथ सुसम्पन्न

१७ औं निजामती सेवा दिवस"स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन" भन्ने नाराका साथ विशेष अदालतमा विविध कार्यक्रम गरी सुसम्पन्न भयो। विशेष अदालतका अध्यक्ष माननीय न्यायाधीश श्री शिवराज अधिकारीज्यूको अध्यक्षतामा भएको उक्त कार्यक्रममा विशेष अदालतका सदस्य माननीय न्यायाधीशहरु, श्रीमान् रजिष्ट्रारज्यू, उपरजिष्ट्रारद्वय, अधिकृत तथा कर्मचारीहरुको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा वर्ष भरिमा उत्कृष्ट कार्य सम्पादन गर्ने नायव सुब्बा रामकृष्ण सापकोटा र हलुका सवारी चालक अमृत बहादुर सुनुवारलाई सम्मानपत्र र नगद पुरस्कार सहित सम्मान गरिएको थियो।

कार्यक्रमको प्रारम्भमा निजामती सेवा दिवसको सान्दर्भिकता माथि प्रकाश पार्नुहुँदै रजिष्ट्रार श्री अशोक कुमार क्षेत्रीले राष्ट्रसेवक कर्मचारीले व्यवसायीक जीवनको हरेक क्षणमा आफ्नो कार्यकुशलता र आफूमा अन्तर्निहित क्षमता प्रदर्शन गर्दै सेवा प्रवाहमा दत्तचित्त भएर लाग्नुपर्ने तथा पुरस्कृत कर्मचारीले पुरस्कारको मर्यादा र गरिमालाई मनन गरी काम गर्नुपर्ने बताउनु भयो। त्यसपछि अदालतका वरिष्ठतम् सदस्य माननीय न्यायाधीश श्री कृष्ण गिरीज्यूले "कर्मचारीको जीवनमा पुरस्कारको महत्व" विषयमा प्रकाश पार्नु भयो। कार्यक्रममा अदालतका शाखा अधिकृत श्री केशव पराजुलीले "निजामती सेवा र हामी" शीर्षकको कविता वाचन गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा समापन मन्तव्य दिनुहुँदै विशेष अदालतका अध्यक्ष माननीय न्यायाधीश श्री शिवराज अधिकारीज्यूले निजामती कर्मचारी बिना न्याय निरुपणको कल्पना पनि गर्न नसकिने बताउनु भयो। न्याय सम्पादनमा कर्मचारीको भूमिकाको प्रशंसा गर्नुहुँदै उहाँले न्यायिक सुशासन कायम गर्न राष्ट्रसेवक कर्मचारीको महत्वपूर्ण भूमिका रहने हुँदा सबै कर्मचारीहरुले आ-आफ्नो पेशागत निष्ठा, लगनशीलता र इमान्दारीतामा ध्यान दिनुपर्ने बताउनु भयो। उक्त कार्यक्रमको संचालन उपरजिष्ट्रार प्रवक्ता श्री पुष्पराज पाण्डेयले गर्नुभएको थियो।

मिति २०७७।०५।२२।२

पुष्पराज पाण्डेय
उपरजिष्ट्रार
प्रवक्ता